## व्यवसाय दर्ता तथा नवीकरण गर्ने सम्बन्धी सूचना

(मितिः २०८१/०४/०१)

नेपालको संविधानको अनुसूची - ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस गाउँपालिकाको व्यवसाय दर्ता, नविकरण तथा नियमन गर्ने सम्बन्धी कार्यविधि, २०८० को दफा ३ बमोजिम गाउँपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायीक कारोबार गर्ने व्यक्ति, फर्मले देहायका विवरण तथा कागजात संलग्न राखी सम्बन्धित वडा कार्यालयमा दर्ताको लागि निवेदन दिनुहुन र यस अघि गाउँपालिकामा दर्ता भई सञ्चालनमा आएका व्यवसायहरु यथाशिघ्र नवीकरण गर्नु गराउनुहुन लागि यो सूचना प्रकाशित गरिएको छ।

यस सूचना बमोजिम व्यवसाय दर्ता तथा नवीकरण नगरी सञ्चालन हुने व्यवसायलाई गाउँपालिकाको व्यवसाय दर्ता, नविकरण तथा नियमन गर्ने सम्बन्धी कार्यविधि, २०८० को दफा १६ बमोजिम लिनुपर्ने व्यवसाय कर असूल उपर गरी सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यवसाय बन्दको कारबाही समेत चलाउन सकिनेछ।

### दर्ता प्रक्रियाको लागि आवश्यक कागजात

१. व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२. प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि।
३. आवश्यकता अनुसार सर्जमिन मुचुल्का तथा कबुलियतनामा।
४. व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घरभाडा, बिद्युत महशुल तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)।
५. सञ्चालकको तीन प्रति पासपोर्ट साइजको फोटो।
६. कार्यालयले तोकेका अन्य कागजातहरु

### नविकरणको प्रक्रियाको लागि आवश्यक कागजात

१. गाउँपालिकामा व्यवसाय दर्ताको गरेको सक्कल प्रमाण पत्र।
२. घर वहाल सम्झौताको सक्कल प्रति।
३. घर वाहल कर तिरेको रसिद एवं प्रमाण।

Daiyak 08/01
..................
सन्जय शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत